विश्वविद्यालय अनुदान आयोग

नेपालमा प्रकाशन हुने विज्ञ समीक्षित शोधपत्रिका (जर्नल) का लागि न्यूनतम मानक र वर्गीकरणसम्बन्धी निर्देशिका २०१८

प्राज्ञिक प्रकाशनले ज्ञानको प्रसार गर्न र प्राज्ञिक अनुसन्धानको मानक कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरालाई आत्मसात गर्दै तथा नेपालमा प्राज्ञिक शोधपत्रिकाहरू आआफ्नै किसिमका मापदण्ड र मानकका आधारमा प्रकाशन भइरहेको तथ्यलाई ध्यानमा राख्दै विश्वविद्यालय अनुदान आयोगले अनुसन्धानकर्ता नेपाली विश्वविद्यालयका अध्यापक र अध्येताहरूको प्राज्ञिक प्रकाशनको मानकीकरण र मूल्याङ्कन गर्ने प्रयोजनार्थ नेपालभित्र प्रकाशन हुने विज्ञ समीक्षित शोधपत्रिकाका लागि न्यूनतम मानक र वर्गीकरणसम्बन्धी निर्देशिका तर्जुमा गरेको छ। शोधपत्रिकाहरूले यसलाई मानकका रूपमा लिएर आफ्नो लक्ष्य र दायराका आधारमा आफ्नै विशिष्टीकृत निर्देशिका विकास गर्ने अपेक्षा गरिन्छ।

खण्ड १: परिभाषा

क. सल्लाहकार भन्नाले शोधपत्रिकाका प्रकाशक तथा सम्पादकहरूलाई सल्लाह दिने जिम्मेवारी प्राप्त व्यक्तिलाई बुझाउँछ।

ख. लेखक (योगदानकर्ता समेत) भन्नाले शोधपत्रिकामा प्रकाशनका लागि बुझाइने लेखका अनुसन्धानकर्ता वा लेखकलाई बुझाउँछ।

ग. उत्कृष्ट कार्यप्रणाली भन्नाले कामको उच्च स्तर हासिल गर्नका लागि अपेक्षित कार्यप्रणालीलाई बुझाउँछ।

घ. साइटस्कोर भन्नाले एल्सिभियर बी.भी. को स्कोपस डाटाबेस र उद्धरणमा आधारित शोधपत्रिका श्रेणीकरणलाई बुझाउँछ।

ङ. आचारसंहिता भन्नाले नैतिक एवम् जिम्मेवार हिसाबले कार्यसम्पादन गर्नका लागि अपनाइने अनिवार्य कार्यप्रणालीको समुच्च रूपलाई बुझाउँछ।

च. स्वार्थ सङ्घर्ष भन्नाले कसैको मूल्याङ्कन गर्दा कुनै कारणले प्रभावित भई गरिने पूर्वाग्रहपूर्ण व्यवहारको स्थितिलाई जनाउँछ।

छ. डिजिटल अब्जेक्ट आइडिन्टिफायर (डीओआई) भन्नाले अन्तर्राष्ट्रिय डीओआई फाउन्डेसनसँग अनुरोध गरेपश्चात् प्राप्त हुने पृथक् खालको पहिचानलाई जनाउँछ।

ज. विधा भन्नाले सम्बन्धित विषय, अनुसन्धान कार्यप्रणाली र अन्य विधिहरूसहितको विशेष अध्ययनको क्षेत्रलाई जनाउँछ।

झ. विवाद निरूपण प्रवाह तालिका भन्नाले कुनै खालको विवाद समाधानका लागि शोधपत्रिकाका तर्फबाट पूर्वपरिभाषित चरणहरूलाई बुझाउँछ।

ञ. सम्पादक भन्नाले शोधपत्रिकामा प्राप्त भएका लेखलाई क्षमतावान् समीक्षकहरूमार्फत विज्ञ समीक्षा गराउने, सम्पादन गर्ने, प्रकाशन गर्ने र शोधपत्रिकाको मानक कायम गराउनेसहितको सम्पादकीय जिम्मेवारी प्राप्त व्यक्तिलाई बुझाउँछ।

ट. फन्डिङ भन्नाले अनुसन्धान कार्यका लागि वा कुनै अनुसन्धानकर्ताद्वारा प्राप्त अनुसन्धान अनुदान वा आर्थिक सहयोगलाई बुझाउँछ।

ठ. उपहार ग्रन्थकारिता भन्नाले कुनै पनि लेख जुन अनुसन्धानमा आधारित छ, उक्त अनुसन्धान कार्यमा कुनै पनि वा पर्याप्त योगदान बिना नै लेखकका रूपमा प्रस्तुत हुन खोज्ने अनैतिक कार्यलाई बुझाउँछ।

ड. इन्डेक्स कोपर्निकस भ्यालु भन्नाले इन्डेक्स कोपर्निकस इन्टरनेसनलको शोधपत्रिका श्रेणीकरणलाई बुझाउँछ।

ढ. इन्डेक्स (अनुक्रमणिका) भन्नाले स्वतन्त्र शोधपत्रिका इन्डेक्सिङ र एब्स्ट्राक्टिङ एजेन्सीहरूबाट निश्चित डाटाबेसमा शोधपत्रिका लेखको ग्रन्थसूचीयुक्त सूचना भण्डारण गरी प्रदान गरिने सेवालाई बुझाउँछ।

ण. इन्डेक्स्ड शोधपत्रिका भन्नाले इन्डेक्सिङ र एब्स्ट्राक्टिङ एजेन्सीद्वारा सूचीबद्ध गरिएको शोधपत्रिकालाई बुझाउँछ।

त. संस्था भन्नाले उच्च शिक्षा प्रदायक संस्था, अनुसन्धान संस्था जस्ता स्थापित संस्थालाई जनाउँछ।

थ. शोधपत्रिका इम्प्याक्ट फ्याक्टर भन्नाले शोधपत्रिका साइटेसन रिपोर्ट अफ क्लारिभेट एनालिटिक्स (मूलतः इन्स्टिच्युट फर साइन्टिफिक इन्फरमेसनको) मा वर्णन गरिएको शोधपत्रिकाको उद्धरण आवृत्तिमा आधारित मेट्रिकलाई जनाउँछ ।

द. शोधपत्रिका नीति भन्नाले शोधपत्रिकाका सबै प्रक्रिया र विषयलाई यसका कार्यसँग जोडेर परिभाषित गर्नका लागि शोधपत्रिकाले अवलम्बन गरेका नीतिहरूको समुच्चतालाई जनाउँछ ।

ध. शोधपत्रिका पब्लिसिङ प्राक्टिसिज एन्ड स्ट्यान्डर्ड्स (जेपीपीएस) रेटिङ भन्नाले अफ्रिकन शोधपत्रिका अनलाइन र इन्टरनेसनल नेटवर्क फर द अभाइलेबिलिटी अफ साइन्टिफिक पब्लिकेसन्सले गर्ने शोधपत्रिकाको स्तरनिर्धारणलाई जनाउँछ ।

न. शोधपत्रिका भन्नाले कुनै विशेष प्राज्ञिक विधासँग सम्बन्धित वैज्ञानिक अनुसन्धान प्रकाशित हुने आवधिक प्रकाशनलाई बुझाउँछ ।

प. विज्ञ समीक्षा नगरिएको शोधपत्रिका भन्नाले प्रकाशनका लागि बुझाइएको पाण्डुलिपिको मूल्याङ्कन गर्न विज्ञ समीक्षा प्रक्रिया नअपनाइने शोधपत्रिकालाई बुझाउँछ ।

फ. ओपन रिसर्चर एन्ड कन्ट्रिब्युटर आईडी भन्नाले ओआरसीआईडी आईएनसीले अनुसन्धानकर्तालाई प्रदान गर्ने युनिफर्म रिसोर्स लोकेटरसहितको भिन्दै खालको डिजिटल पहिचानलाई बुझाउँछ ।

ब. विज्ञ समीक्षा भन्नाले कुनै पनि प्राज्ञिक अनुसन्धानमा आधारित पाण्डुलिपि प्रकाशनका लागि स्वीकृत गर्नुपूर्व न्यूनतम स्तर पूरा गरेको निश्चित गर्नका लागि एउटै क्षेत्रका विज्ञहरूमार्फत गरिने मूल्याङ्कनलाई बुझाउँछ ।

भ. विज्ञ समीक्षित शोधपत्रिका भन्नाले पाण्डुलिपिको प्रकाशनका लागि विज्ञ समीक्षा विधि अपनाई मूल्याङ्कन गरिने शोधपत्रिकालाई बुझाउँछ ।

म. जालसाझी भन्नाले ठगी वा निर्दोष व्यक्तिलाई भ्रमित पार्ने कार्यलाई बुझाउँछ ।

य. व्यावसायिक समाज भन्नाले कुनै विशेष अध्ययन क्षेत्रसँग सम्बद्ध विद्वान्हरूद्वारा औपचारिक रूपमा स्थापित सङ्गठनलाई बुझिन्छ ।

र. श्रेणीकृत शोधपत्रिका भन्नाले शोधपत्रिका इम्प्याक्ट फ्याक्टर, स्किमागो शोधपत्रिका र्‍याङ्किङ, साइटस्कोर र इन्डेक्स कोपर्निकल भ्यालु जस्ता श्रेणीमानसहितको जुनसुकै शोधपत्रिकालाई बुझाउँछ ।

ल. र्‍याङ्किङ भन्नाले ख्यातिप्राप्त अन्तर्राष्ट्रिय एजेन्सीहरूको उद्धरण आवृत्तिका आधारमा गरिने श्रेणीकरणलाई बुझाउँछ ।

व. रेटिङ भन्नाले अन्तर्राष्ट्रिय एजेन्सीहरूद्वारा गरिने विशेषतामा आधारित स्तरनिर्धारणलाई बुझाउँछ ।

श. अनुसन्धान नैतिकता भन्नाले अनुसन्धान कार्य गर्दा अनुसन्धानकर्ताले पालना गर्नुपर्ने भनी सरकारी निकाय वा व्यावसायिक संस्थाद्वारा निर्धारित नैतिक सिद्धान्तको समष्टिलाई बुझाउँछ ।

ष. अनुसन्धान कसुर भन्नाले तथ्यको तोडमोड, मिथ्यापूर्ण कार्य, साहित्यिक/प्राज्ञिक चोरी र हानिकारक गतिविधि जस्ता अनुसन्धान कसुरका रूपमा मानिने गतिविधिलाई बुझाउँछ ।

स. साइमागो शोधपत्रिका र्‍याङ्किङ भन्नाले स्किमागो ल्याबद्वारा उपलब्ध शोधपत्रिका श्रेणीकरणलाई बुझाउँछ ।

खण्ड २ : साधारण सर्तहरू

२.१ **प्रकाशकको योग्यता**- निम्नलिखित संस्थाहरू विज्ञ समीक्षित प्राज्ञिक शोधपत्रिका प्रकाशनका लागि योग्य हुने छन्:

क. प्राज्ञिक संस्था

ख. अनुसन्धानमूलक संस्था

ग. व्यावसायिक परिषद्/समाज

घ. सरकारी संस्था

ङ. गैरसरकारी संस्था

च. निजी संस्था

२.२ **प्रकाशकका जिम्मेवारीहरू**- प्रकाशकका जिम्मेवारीहरू देहायबमोजिम हुने छन्:

क. प्रकाशक र सम्पादकको सम्बन्ध करारमा परिभाषित गर्ने,

ख. शोधपत्रिकाको आर्थिक सहायताबारे प्रस्ट साङ्गठनिक संयन्त्र निर्माण गर्ने,

ग. शोधपत्रिकालाई सम्पूर्ण लजिस्टिक सहायता उपलब्ध गराउने,

घ. सम्पादकीय स्वतन्त्रता अभिवृद्धि गर्ने,

ङ. शङ्कास्पद अनुसन्धान र प्रकाशन कसुरसम्बन्धी अनुसन्धानमा संलग्न पक्षलाई सहयोग पुऱ्याउने

च. शोधपत्रिकाका सामग्रीलाई समयमै प्रकाशन गर्ने र

छ. शोधपत्रिकाको कानुनी दायित्व वहन गर्ने ।

२.३ **भौतिक पूर्वाधार**- विज्ञ समीक्षित शोधपत्रिकाका आवश्यक सर्तका रूपमा निम्नानुसारका सुविधा र संरचनासहितका भौतिक पूर्वाधार रहने छन्:

क. प्रकाशकका रूपमा एक संस्था

ख. इन्टरनेसनल स्ट्यान्डर्ड सिरियल नम्बर (आईएसएसएन, ई-आईएसएसएन वा दुवै) सहितको शोधपत्रिका

ग. शोधपत्रिकाको पत्राचार गर्ने ठेगाना

घ. शोधपत्रिका सम्पादक मण्डल

ङ. शोधपत्रिका सल्लाहकार मण्डल

च. निम्नलिखित कुराहरूसहितका सम्पादकीय नीतिहरू:

अ. शोधपत्रिकाको केन्द्रबिन्दु र दायरा

आ. लेखकका लागि जानकारी (लेखको विषय र ढाँचा, ग्रन्थकारिता आदि)

इ. विज्ञ समीक्षा प्रक्रिया

ई. समीक्षकका लागि जानकारी

उ. प्रकाशन नैतिकता

ऊ. सच्याउने र हटाउने नीति

ए. विवाद निरूपण प्रवाह तालिका

छ. अभिलेख राख्ने प्रणाली

ज. वेबसाइट

खण्ड ३. सम्पादक एवम् सल्लाहकार मण्डलका न्यूनतम अपेक्षा

३.१ एक प्रधान सम्पादक र कम्तीमा अन्य पाँच सम्पादकसहितको सम्पादक मण्डल हुनुपर्ने छ ।

३.२ सबै सम्पादकहरूले स्तरीय अनुसन्धान प्रकाशन गर्दै आएको हुनुपर्ने छ ।

३.३ सम्पादक मण्डलमा राष्ट्रिय एवम् संस्थागत विविधता हुनुपर्ने छ । उक्त विविधता देहायबमोजिम कायम गर्नुपर्ने छ :

अ. सम्पादकहरूको कुल सङ्ख्याको ५० प्रतिशतभन्दा बढी एउटै संस्था (क्याम्पस, विद्यालय, केन्द्रीय विभाग) बाट हुनु हुँदैन ।

आ. सम्पादकहरू क्याम्पस, विद्यालय, केन्द्रीय विभाग जस्ता कम्तीमा तीनओटा संस्था वा दुई विश्वविद्यालयबाट हुनुपर्दछ ।

इ. नेपालभित्र सीमित वा नेपालकेन्द्रित बाहेक अन्य सबै विधाका शोधपत्रिकाको सम्पादक मण्डलमा कम्तीमा एक तिहाई सम्पादक नेपालबाहेक अन्य देशबाट राखी अन्तर्राष्ट्रिय विविधता कायम गर्नुपर्दछ ।

ई. नेपालको संस्कृति वा भाषा र नेपाली साहित्य जस्ता नेपालभित्र सीमित वा नेपाल केन्द्रित विषयमा द्विदेशीय विविधतालाई प्राथमिकता दिइए पनि अनिवार्य भने मानिने छैन ।

३.४ सल्लाहकार मण्डल गठन हुने अवस्थामा सम्बन्धित विधाका विज्ञ र प्रकाशन गर्ने संस्थाको प्रमुख सम्मिलित रहनुपर्दछ ।

खण्ड ४: सम्पादकहरू र समीक्षकहरूका आचारसंहिता र उत्तम कार्यप्रणाली

४.१ शोधपत्रिकासँग सम्पादक र समीक्षकका लागि आचारसंहिता हुनुपर्दछ । यस्तो संहितामा अनिवार्य कार्यप्रणाली र उत्कृष्ट कार्यप्रणाली समाविष्ट हुनुपर्दछ । अनिवार्य प्रचलनले न्यूनतम मानक पूरा गर्न र प्रचलित उत्कृष्ट कार्यप्रणालीले अपेक्षित उच्च स्तर हासिल गर्न सहयोग पुऱ्याउँछ ।

४.२ **सम्पादकका आचारसंहिता**- देहायअनुसारका प्रचलित कुराहरूलाई सम्पादकका मुख्य आचारसंहिताका रूपमा मानिन्छ

क. सम्पादकहरू लेखकले पालना गर्नुपर्ने निष्ठा र नैतिकतासहित प्राज्ञिक दायित्व र मानकलगायत शोधपत्रिकामा प्रकाशित हुने हरेक कुरामा उत्तरदायी हुनुपर्दछ ।

ख. सम्पादकले शोधपत्रिकाको नीति र प्रकाशकीय आचरणको पालना गर्नुपर्दछ ।

ग. लेख योगदानकर्ताले प्रकाशकीय आचरणको पालना गरेको सम्पादकले निश्चित गर्नुपर्दछ ।

घ. प्रकाशन हुने सबै अनुसन्धान प्रतिवेदन र समीक्षा (आवश्यक परेमा तथ्याङ्कीय समीक्षासमेत) सक्षम समीक्षकद्वारा उपयुक्त हिसाबले भएको छ भन्ने कुरा सम्पादकले निश्चित गर्नुपर्दछ ।

ङ. सम्पादकले आफूलाई काफी हुने गरी योग्य समीक्षकको ठुलो सूची (रोस्टर) बनाउन वा विशेष अङ्कका लागि उपयुक्त समीक्षक खोज्नका लागि संयन्त्र निर्माण गर्नुपर्दछ ।

च. सम्पादकहरूले सम्भावित स्वार्थ सङ्घर्ष खुलाउने लगायत समीक्षकका लागि समीक्षासम्बन्धी निर्देशिका, आचारसंहिता र उत्कृष्ट कार्यप्रणाली उपलब्ध गराउनुपर्दछ ।

छ. कुनै पनि लेखकले उपयुक्त कारण देखाएर आफ्नो लेखको समीक्षा कुनै समीक्षकमार्फत नगराउन अनुरोध गरेमा र सो कुरा व्यवहारिक हिसाबले जायज भएमा सम्पादकले उक्त अनुरोधको सम्मान गर्नुपर्दछ ।

ज. सम्पादकलले लेखलाई प्रकाशनका लागि स्वीकृत वा अस्वीकृत गर्ने निर्णय लेखको महत्त्व, मौलिकता, स्पष्टता तथा अध्ययनको वैधता र शोधपत्रिकासँगको सान्दर्भिकता आदि जस्ता विषयमा दुई जनाले विज्ञ समीक्षा गरेका आधारमा गर्नुपर्दछ ।

झ. लेखक र समीक्षक सुरुमै घोषित हुने खुला समीक्षा प्रणाली अवलम्बन गरेको अवस्थामा बाहेक सम्पादकले विज्ञ समीक्षकहरूको पहिचान गोप्य राख्ने कुराको सुनिश्चितता गर्नुपर्दछ ।

ञ. कुनै कसुर, स्वार्थ सङ्घर्ष हुन सक्ने अवस्था र ग्रन्थकारिताका सम्बन्धमा विवाद सिर्जना भएका खण्डमा सम्पादकले विवाद निरूपण प्रवाह तालिकाका अधीनमा रही उक्त समस्याको समाधान गर्नुपर्दछ ।

ट. सम्पादकले शोधपत्रिकाका लेख योगदानकर्ताका लागि स्वार्थ सङ्घर्ष हुन सक्ने सामग्रीसम्बन्धी नीति प्रकाशित गर्नुपर्दछ तर लेख प्रकाशन भइसकेपछि यस्तो थाहा हुन गएमा भुल सुधार प्रकाशन गर्नुपर्दछ ।

ठ. सम्पादकले शोधपत्रिकाको नीतिलाई नियमित रूपमा पुनरवलोकन गरी शोधपत्रिकामार्फत सार्वजनिक गर्नुपर्दछ ।

४.३ **समीक्षकका आचारसंहिता – समीक्षकका आचारसंहिता देहायबमोजिम रहेका छन्:**

क. पाण्डुलिपिको विज्ञ समीक्षा गर्ने कुरालाई सबै अनुसन्धानकर्ताले व्यावसायिक उत्तरदायित्वका रूपमा लिनुपर्दछ ।

ख. पाण्डुलिपिको समीक्षा गर्दा सम्बन्धित विषयमा आवश्यक विशेषज्ञता भएको र मूल्याङ्कनमा पूर्वाग्रह नरहने सर्तमा मात्र जिम्मेवारी लिनुपर्दछ । विशेषज्ञता भन्नाले समीक्षकले अनुसन्धान प्रकाशन गर्दै आएको र समीक्षा गर्न लागिएको पाण्डुलिपिको विषयबारे हालको अनुसन्धान अवस्थासम्बन्धी ज्ञान भएकोलाई मानिने छ ।

ग. अनुसन्धान नैतिकतासम्बन्धी विषय, अनुसन्धानका उत्कृष्ट कार्यप्रणाली, अनुसन्धान कसुर र बौद्धिक चोरी भएको पहिचान गर्ने आधुनिक तरिका र प्रविधिबारे समीक्षक परिचित हुनुपर्दछ ।

घ. समीक्षकले लेखमा केही स्वार्थ सङ्घर्ष भएको पाइएमा खुलाउनुपर्दछ । यस्तो स्वार्थ विशेष गरी खुला समीक्षा प्रक्रियामा हुन्छ । त्यसो त बन्द समीक्षा प्रक्रियामा पनि समीक्षकले लेखकहरूको लेख पहिचान गर्न सक्ने अवस्थामा स्वार्थ सङ्घर्ष हुन सक्दछ । यस्तो स्वार्थ व्यक्तिगत, आर्थिक, बौद्धिक, व्यावसायिक वा राजनीतिक प्रकृतिको पनि हुन सक्दछ ।

ङ. समीक्षकले शोधपत्रिकाको निर्देशकाबमोजिम व्यावसायिक हिसाबले समीक्षा गर्नुपर्दछ । समीक्षकलाई कुनै पाण्डुलिपि समीक्षा गर्न आफूसँग पर्याप्त विशेषज्ञता नभएको लागेमा समीक्षा नगरी सम्पादकलाई जानकारी गराउनुपर्दछ ।

च. लेखको मौलिकता र सम्बन्धित अध्ययन क्षेत्रको विद्यमान ज्ञानको भण्डारमा योगदान गर्न सक्ने सम्भावनालाई

समेत मूल्याङ्कन गरी सोका आधारमा पाण्डुलिपिलाई स्वीकृतिका लागि सुझाव दिनुपर्दछ ।

छ. समीक्षकले समझदारीबमोजिम समय सीमाभित्रै कार्य सम्पन्न गर्न इमानदार प्रयत्न गर्नुपर्दछ ।

ज. समीक्षकले समीक्षा प्रक्रियाका कागजात, अनुसन्धानका विषय र लेखकहरूका बारेमा थाहा भएमा जिम्मेवारीपूर्वक गोपनीयता कायम गर्नुपर्दछ ।

खण्ड ५: शीर्षक र डिजाइनसम्बन्धी सामान्य निर्देशिका

५.१ शोधपत्रिकाका नाममा देहायबमोजिमका कुराहरू प्रतिबिम्बित हुनुपर्दछः

- देश (एकदमै ध्यान दिनुपर्ने)
- प्रकाशन संस्था (ऐच्छिक)
- विधा, अध्ययन क्षेत्र/प्रकार (अनिवार्य)
- केन्द्रबिन्दु र क्षेत्र (ऐच्छिक)

५.२ शोधपत्रिकाको नाममा 'अन्तर्राष्ट्रिय', 'सार्वभौम', 'अत्याधुनिक' जस्ता अतिरिक्त, देखावटी र जालसाझीयुक्त विशेषणहरूको प्रयोग गर्नु हुँदैन । शीर्षकमा त्यस्ता विशेषणहरू पहिले नै भएका शोधपत्रिकाहरूले पनि तिनलाई हटाएर उपयुक्त ढङ्गले पुनर्नामकरण गर्न प्रोत्साहन गरिन्छ । शोधपत्रिकाहरूलाई विशिष्टतारहित र स्तरहीन नाम राख्न निरुत्साहित गरिन्छ । सम्बन्धित विधाको नियन्त्रित शब्दभण्डार र उल्लेखनीय विषय शीर्षक प्रयोग गरी शोधपत्रिकाको नाम राख्नुपर्दछ । उदाहरणका लागि, लाइब्रेरी अफ काङ्ग्रेस सब्जेक्ट हेडिङ (एलसीएसएच) र मेडिकल सब्जेक्ट हेडिङ (एमईएसएच) ।

५.३ शोधपत्रिकाको आवरण पृष्ठमा देहायका विवरणहरू हुनुपर्दछः

- शोधपत्रिकाको नाम
- उक्त शोधपत्रिका विज्ञ समीक्षित हो भन्ने जनाउने हरफ (विज्ञ समीक्षित नभए उपयुक्त हरफमार्फत विज्ञ समीक्षित नभएको कुरा खुलाउनुपर्दछ ।)
- शोधपत्रिकाको विधा र केन्द्रबिन्दुबारे सङ्क्षिप्त कथन
- शोधपत्रिकाको प्रकाशन आवृत्ति र हालको अङ्कबारे जानकारी
- प्रकाशक

५.४ शोधपत्रिकाका भित्री पृष्ठमा हुनुपर्ने थप विवरण निम्नानुसार छन्:

- सम्पादक मण्डल
- सल्लाहकार मण्डल
- अनुक्रमणिका (भएका खण्डमा)
- शोधपत्रिकासँग वेबसाइटमा विस्तृत विवरण भएका खण्डमा 'लेखकका लागि जानकारी' वा यूआरएल

५.५ शोधपत्रिकाको पछाडिको भागमा शोधपत्रिकाको नाम र प्रकाशन ब्याच उल्लेख गर्नुपर्दछ ।

५.६ शोधपत्रिकाको डिजिटल र प्रकाशित संस्करण एउटै हुनुपर्दछ ।

५.७ शोधपत्रिकाका वेबसाइटमा सम्पूर्ण जानकारी हुनुपर्दछ (दफा ५.१-५.६)

५.८ शोधपत्रिका र यसको प्रकाशन प्रक्रियाका सम्बन्धमा जालसाझीयुक्त सूचना, प्रस्ताव र अभ्यास हुनु हुँदैन । क्लारिभेट एनालिटिक्सको शोधपत्रिका इम्प्याक्ट फ्याक्टर, स्किमागो शोधपत्रिका र्‍याङ्किङ (स्किमागो ल्याबको) एल्सिभियर बी.भी. को साइटस्कोर, इन्डेक्स कोपर्निकस इन्टरनेसनलको इन्डेक्स कोपर्निकस भ्यालु र शोधपत्रिका पब्लिसिङ प्राक्टिसिज एन्ड स्ट्यान्डर्ड्स (जेपीपीएस) रेटिङबाहेकका शोधपत्रिका इम्प्याक्ट फ्याक्टर श्रेणीकरण/स्तरनिर्धारणलाई जालसाझीयुक्त सूचनाका रूपमा लिइने छ । प्रकाशनका समयमा सहयोग गर्नका लागि गरिने मुद्रासम्बन्धी प्रस्तावलाई जालसाझीपूर्ण प्रस्तावका रूपमा लिइने छ ।

खण्ड ६: लेखको ढाँचा र सामग्रीबारे सामान्य निर्देशिका

६.१ साधारण निर्देशिका

क. शोधपत्रिकाहरूलाई साधारणतया सम्बन्धित विधामा धेरै उद्धृत गरिने शोधपत्रिकाद्वारा अवलम्बन गरिने मूल्य र परम्परालाई अवलम्बन गर्न प्रोत्साहित गरिन्छ ।

ख. कुनै पनि शोधपत्रिकालाई मान्यता दिन र विधाविशेषका शोधपत्रिकाको प्रतिवेदन तयार गर्न गठित विशेष गरी अन्तर्राष्ट्रिय व्यावसायिक सङ्गठन/समितिको सुझावलाई पालना गर्न शोधपत्रिकाहरूलाई विशेष प्रोत्साहित गरिन्छ ।

ग. मुख्य अनुसन्धानमूलक लेख (मौलिक अनुसन्धानमूलक लेख र अनुसन्धान सञ्चार) प्रकाशन गर्न शोधपत्रिकालाई प्रोत्साहित गरिन्छ । मौलिक अनुसन्धानसँग असम्बन्धित समाचार, पुस्तक समालोचना जस्ता सामग्रीलाई शोधपत्रिकामा समावेश गर्न निरुत्साहित गरिन्छ ।

घ. शोधपत्रिकाहरूलाई तिनीहरूले प्रकाशन गर्ने प्रत्येक लेखको डिजिटल अब्जेक्ट आइडिन्टिफायर प्राप्त गर्नका लागि इन्टरनेसनल डीओआई फाउन्डेसनमा दर्ता हुन विशेष प्रोत्साहित गरिन्छ ।

ङ. उद्धृत गर्ने तरिका र ढाँचा निर्धारण गरी शोधपत्रिकाले 'लेखकका लागि जानकारी'मा समावेश गर्नुपर्दछ । यसो गर्दा विशेष विधाका व्यावसायिक संस्थाहरूले निर्धारित गरेका तरिका र ढाँचाहरूलाई पालना गर्न शोधपत्रिकालाई प्रोत्साहित गरिन्छ । उदाहरणका लागि अमेरिकन साइकोलोजी एसोसिएसन (एपीए) को प्रकाशन निर्देशिका, द मोडर्न ल्याङ्वेज एसोसिएसन (एमएलए) हाते पुस्तिका, द सिकागो म्यानुअल अफ स्टाइल, काउन्सिल अफ साइन्स इडिटर्सको वैज्ञानिक तरिका र ढाँचा आदि ।

च. लेखको पहिलो पृष्ठमा कम्तीमा देहायबमोजिम कुराहरू रहनुपर्दछः

अ. शोधपत्रिकाको शीर्षक, प्रकाशन वर्ष, भाग, अङ्क (यदि भएका खण्डमा), पृष्ठ श्रेणी वा लेख सङ्ख्या र लेखकको डिजिटल अब्जेक्ट आइडिन्टिफायर

आ. लेखको श्रेणी

इ. लेखकहरू र उनीहरूको आबद्धता, समन्वयकर्ता लेखक, लेखसार र मुख्य पदावली

ई. स्वतन्त्र लेखक र योगदानकर्ता पहिचान (भएका खण्डमा)

उ. लेख बुझाएको र स्वीकृत भएको मिति

छ. लेखको उपयुक्त भागमा देहायबमोजिमका कुरा खुलाउनु वा प्रस्तुत गर्नुपर्दछः

अ. प्रत्येक लेखकको योगदान (बहुलेखक भएको लेखमा)

आ. फन्डिङ (आंशिक रूपमा फन्डिङ गरिएका वा नगरिएका लेखमा पनि एउटा कथन अनिवार्य)

इ. सम्भावित स्वार्थ सङ्घर्ष

ई. नैतिक स्वीकृति (भएका खण्डमा)

ज. बहुलेखक भएको लेखमा लेखकको क्रम निर्धारण गर्नका लागि शोधपत्रिकाको 'लेखकका लागि जानकारी'मा शोधपत्रिकामा देहायबमोजिम नियम/सुझाव समावेश गर्नुपर्ने अपेक्षा गरिन्छ ।

अ. सुपरिवेक्षित विद्यार्थी वा व्यक्तिद्वारा लेखिएको लेखमा ऊ पहिलो लेखक हुन्छ भने प्रमुख सुपरिवेक्षक अन्तिम लेखक हुन्छ ।

आ. अन्य सबै लेखहरूमा लेखकहरूको क्रम सबै लेखकले सामूहिक रूपमा निर्णय गरेअनुरूप उनीहरूले गरेको योगदानमा आधारित हुनुपर्दछ । अन्तिम नाम भने प्रमुख अनुसन्धानकर्ता वा समूह नेताका लागि सुरक्षित गरिएको हुन्छ जसलाई करेस्पन्डिङ (समन्वयकर्ता) लेखकका रूपमा मानिन्छ ।

इ. लेखको आभार खण्डमा अनुसन्धानको समय र पाण्डुलिपि तयारीका बेला सहयोग गर्ने व्यक्तिप्रति आभार व्यक्त गरिन्छ । उपहार ग्रन्थकारितालाई जालसाझी कोटिको कसुरका रूपमा मानिने छ ।

ई. लेखमा प्रत्येक लेखकको सङ्क्षिप्त विवरण समावेश गर्ने नीति शोधपत्रिकाले अङ्गीकार गर्न सक्दछ ।

६.२ विधाविशेषका लागि सुझाव

क. चिकित्सा विज्ञान सम्बन्धी शोधपत्रिकाले मौलिक अनुसन्धानमूलक लेख, घटना अध्ययन, क्लिनिकल परीक्षण प्रतिवेदन र दृष्टिकोण/पत्र समावेश गर्न सक्दछ । यस्ता शोधपत्रिकाहरूलाई इन्टरनेसनल कमिटी अफ 'मेडिकल शोधपत्रिका इडिटर्सको मेडिकल शोधपत्रिकाको प्राज्ञिक कार्यमा आचरण, प्रतिवेदन लेखन, सम्पादन र प्रकाशनसम्बन्धी सुझाव'लाई पूर्ण पालना गर्न प्रोत्साहित गरिन्छ ।

ख. चिकित्सा विज्ञानबाहेक अन्य विधाका शोधपत्रिकामा मौलिक अनुसन्धानमूलक लेख र समालोचनात्मक लेख समावेश गर्न सकिन्छ । यस्तो अवस्थामा कुल लेखको सङ्ख्याको एक चौथाइभन्दा बढी समालोचनात्मक लेख समावेश हुनु हुँदैन ।

ग. लेखको साङ्गठनिक ढाँचाका लागि कला र मानविकीबाहेक अन्य विधाका शोधपत्रिकामा मौलिक अनुसन्धानमूलक लेखमा (IMRaD अर्थात् Introduction, Method, Result and Discussion अर्थात् परिचय, विधि, नतिजा र छलफल), को ढाँचा पालना गर्न सुझाव दिइन्छ । लघुसञ्चार गर्दा अङ्ग्रेजीमा यसको छोटकरी रूप IMRaD प्रयोग गर्न सकिन्छ । कला र मानविकीका शोधपत्रिकाले सामग्री, शैली र लेखको साङ्गठनिक ढाँचाका सम्बन्धमा सोही क्षेत्रका धेरै उद्धृत गरिने शोधपत्रिकाको परम्परालाई पछ्याउन सक्दछन् । यद्यपि अनुसन्धानमा वैज्ञानिक विधिको प्रयोग एवम् प्रतिवेदन लेखनको तरिका अपनाउन लेखकलाई प्रोत्साहित गर्न जोड दिइन्छ जसले समग्रमा वस्तुनिष्ठताको प्रवर्द्धन गर्दछ र स्पष्टता ल्याउँछ । शोधपत्रिकामा तथ्याङ्क सङ्कलनबारे पूर्ण व्याख्या र असंवेदनशील प्रतिवेदन प्रकाशन गर्नु हुँदैन ।

६.३ प्रकाशन आवृत्ति

क. कुनै पनि शोधपत्रिका वार्षिक रूपमा कम्तीमा दुई अङ्क प्रकाशन गर्नुपर्दछ ।

ख. कुनै एकल विधाको शोधपत्रिकाको प्रत्येक अङ्कमा कम्तीमा १० ओटा लेख प्रकाशन गर्नुपर्दछ ।

ग. बहुविधायुक्त शोधपत्रिकाको प्रत्येक अङ्कमा कम्तीमा २० ओटा र वार्षिक ४० ओटा लेख प्रकाशन गर्नुपर्दछ ।

६.४ भाषा

क. शोधपत्रिकाको भाषा छनोट गर्दा प्राज्ञिक तार्किकताका आधारमा गरिनुपर्दछ । विश्वव्यापी वैज्ञानिक क्षेत्रमा अधिकतम पहुँच भएको र सहज ढङ्गले साहित्यको पुनरवलोकन र उद्धरण गर्न प्रतिबन्ध नहुने गरी भाषाको छनोट गर्नु प्राथमिक प्राज्ञिक तार्किकता हुनुपर्दछ ।

ख. माथिका सर्त पूरा गर्नका लागि अङ्ग्रेजीबाहेकको भाषाका शोधपत्रिकामा लेखको सार अङ्ग्रेजीमा पनि र अन्य ग्रन्थपरक जानकारी रोमन लिपिमा गर्न प्रोत्साहित गरिन्छ ।

ग. बहुभाषिक शोधपत्रिकामा पनि माथिको अवस्था लागु हुन्छ ।

खण्ड ७: स्तरबारे सुझाव

७.१ प्रकाशन आवृत्ति धेरै हुने अर्थात् कुनै निश्चित अवधिमा धेरै पटक प्रकाशन हुने शोधपत्रिकालाई बढावा दिइन्छ ।

७.२ शोधपत्रिका प्रकाशन गर्ने संस्थाका सदस्यलाई लेख योगदानमा सीमितता:

क. विश्वविद्यालय र व्यावसायिक संस्थाबाहेक अन्य सबै संस्थाहरूले प्रकाशन गर्ने शोधपत्रिकाका कुनै पनि अङ्कमा प्रकाशन संस्थाका सदस्यबाट कुल लेख सङ्ख्याको २५ प्रतिशतभन्दा बढी योगदान हुनु हुँदैन । बाँकी लेखहरू शोधपत्रिका प्रकाशन संस्थासँग असम्बद्ध लेखकहरूका हुनुपर्दछ ।

ख. विश्वविद्यालय नै शोधपत्रिकाको प्रकाशक भएका खण्डमा उक्त विश्वविद्यालयसँग सम्बद्ध लेखकका तर्फबाट ५० प्रतिशतभन्दा बढी लेख प्रकाशन गर्नु हुँदैन । त्रिभुवन विश्वविद्यालय जस्तो धेरै ठुलो विश्वविद्यालयका हकमा पनि उक्त सीमा ७५ प्रतिशतभन्दा धेरै हुनु हुँदैन ।

ग. कुनै पनि व्यक्ति कुनै संस्थासँग सम्बद्ध भएको कुरा देहायबमोजिम परिभाषित गरिन्छ:

अ. व्यावसायिक संस्थाका हकमा - संस्थामा दर्ता भएका सबै सदस्य

आ. विश्वविद्यालयको संस्थान/सङ्काय वा केन्द्रीय विभाग, विद्यालय र क्याम्पसका हकमा- सम्बन्धित संस्थासँग सम्बद्ध सम्पूर्ण विभागीय सदस्य तथा विद्यार्थीहरू

इ. विश्वविद्यालयको संस्थान/सङ्काय वा केन्द्रीय विभाग, विद्यालय, क्याम्पससँग सम्बद्ध संस्थाका हकमा- सम्बन्धित संस्थामा सम्बद्ध विभागीय सदस्य तथा विद्यार्थीहरू

घ. प्रकाशक व्यावसायिक संस्था भएका खण्डमा सोमा कार्यरत व्यक्तिहरूबाट शोधपत्रिकाका लागि लेख स्वीकृत गर्नु हुँदैन ।

ङ. प्रकाशक अनुसन्धानमा आर्थिक सहायता गर्ने संस्था भएमा उक्त संस्थाद्वारा आर्थिक सहायता प्राप्त लेखलाई शोधपत्रिकामा प्रकाशन गर्नु हुँदैन ।

७.३ सम्पादक र सल्लाहकारहरूबाट लेख योगदान गर्न प्रतिबन्ध- सम्पादक तथा सल्लाहकारले आफू सम्बद्ध शोधपत्रिकामा लेख प्रकाशनका लागि बुझाउन पाउँदैनन् ।

७.४ लेखको स्तर - लेखको मौलिकता र सम्बन्धित अध्ययन क्षेत्रको वर्तमान ज्ञानको भण्डारलाई अभिवृद्धि गर्न उल्लेख्य योगदान गर्ने कुराका आधारमा लेख स्वीकृत गर्नुपर्दछ ।

७.५ विज्ञ समीक्षकको छनोट

अ. शोधपत्रिकाका सम्पादकले आफूलाई काफी हुने गरी कुनै विशेष क्षेत्रमा पर्याप्त अनुसन्धान गर्दै आएका सम्भावित समीक्षकको ठुलो सूची (रोस्टर) सिर्जना वा व्यवस्थापन गर्ने या राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रका विशेष निपुण समीक्षक पत्ता लगाउने नीति वा संयन्त्र निर्माण गर्नुपर्दछ ।

आ. समीक्षकको छनोट उसले गरेको पर्याप्त अनुसन्धान र सम्बन्धित क्षेत्रको विशेषज्ञताका आधारमा गर्नुपर्दछ । अनसन्धानकर्ताको व्यक्तिगत विवरण, सङ्क्षिप्त विवरण वा उसको अनुसन्धान क्षेत्र वा विषयवस्तुको मुख्य पदावलीबाट खोज्न सकिने गरी तयार गरिएको आन्तरिक डाटाबेस यस कार्यका लागि सुविधाजनक हुन सक्दछ ।

इ. समीक्षा प्रक्रिया र त्यससँग सम्बन्धित सञ्चारका सम्पूर्ण अभिलेख कम्तीमा १० वर्षका लागि वा कागजातको संरक्षण र सुरक्षाका लागि कानुनले तोकेबमोजिमको अवधिका लागि गोप्य र सुरक्षित राख्नुपर्दछ ।

ई. शोधपत्रिकाहरूलाई लेखक र समीक्षक दुवैले एक-अर्कालाई नचिन्ने अर्थात् डबल ब्लाइन्ड विज्ञ समीक्षा प्रक्रिया अपनाउन जोड दिइन्छ । यद्यपि शोधपत्रिकामा उल्लेख गरिएका विज्ञ समीक्षाका प्रचलित अन्य विधिहरू पनि अपनाउन सकिन्छ ।

खण्ड ८. अद्यावधिक राख्ने

प्राज्ञिक सामग्री प्रकाशनका सन्दर्भमा वैज्ञानिक/व्यावसायिक समुदायले अङ्गीकार गरेका पछिल्ला सुझाव र कार्यप्रणालीसँग शोधपत्रिकाहरू परिचित हुनुपर्दछ । निम्न सन्दर्भ सामग्री विज्ञ समीक्षित शोधपत्रिकाका लागि मार्गनिर्देशक भए पनि यतिमै सीमित भने छैनन् ।

क. कमिटी अन पब्लिकेसन इथिक्स. (२०१८, जनवरी १५). *प्रिन्सिपल्स अफ ट्रान्सपरेन्सी एन्ड बेस्ट प्राक्टिस इन स्कलर्ली पब्लिसिङ.* लिइएको स्रोत https://publicationethics.org/resources/guidelines-new/principles-transparency-and-best-practice-scholarly-publishing

ख. कमिटी अन पब्लिकेसन इथिक्स. (२०१६, जनवरी १५). *अ सर्ट गाइड टु इथिकल इडिटिङ फर न्यु इडिटर्स.* लिइएको स्रोत https://publicationethics.org/files/A_Short_Guide_to_Ethical_Editing.pdf

ग. कमिटी अन पब्लिकेसन इथिक्स. (२०१७, सेप्टेम्बर). *सीओपीई इथिकल गाइडलाइन्स फर पियर रिभ्यअर्स.* लिइएको स्रोत https://publicationethics.org/files/Ethical_Guidelines_For_Peer_Reviewers_2.pdf

घ. कमिटी अन पब्लिकेसन इथिक्स. (२०१५, नोभेम्बर). *ह्वाट टु डु - कम्लिट सेट अफ फ्लोचार्ट.* लिइएको स्रोत https://publicationethics.org/files/Full%20set%20of%20English%20flowcharts_9Nov2016.pdf

ङ. जोन विले एन्ड सन्स. (२०१४). *बेस्ट प्राक्टिस गाइडलाइन्स अन पब्लिसिङ इथिक्स - अ पब्लिसर्स पर्सपेक्टिभ, दोस्रो संशोधन.* लिइएको स्रोत https://authorservices.wiley.com/ asset/ Ethics_Guidelines_7.06.17.pdf

च. रकवेल, एस. (एन.डी.). *इथिक्स अफ पियर रिभ्यु: अ गाइड फर म्यानुस्क्रिप्ट रिभ्युअर्स.* लिइएको स्रोत https://ori.hhs.gov/sites/default/files/prethics.pdf

छ. इन्टरनेसनल कमिटी अफ मेडिकल शोधपत्रिका इडिटर्स. (२०१७, डिसेम्बर). *रिकमेन्डेसन्स फर द कन्डक्ट, रिपोर्टिङ, इडिटिङ, एन्ड पब्लिकेसन अफ स्कलर्ली वर्क इन मेडिकल शोधपत्रिकास.* लिइएको स्रोत http://www.icmje.org/icmje-recommendations.pdf

ज. काउन्सिल अफ साइन्स इडिटर्स. (२०१८). *सीएसईज ह्वाइट पेपर अन प्रमोटिङ इन्टिग्रिटी इन साइन्टिफिक शोधपत्रिका*

पब्लिकेसन्स. लिइएको स्रोत https://www.councilscienceeditors.org/wp-content/uploads/CSE-White-Paper_2018-update-050618.pdf

झ. यूएस नेसनल लाइब्रेरी अफ मेडिसिन. (एन.डी.). *कन्ट्रोल्ड भोक्याबुलरी, मेडिकल सब्जेक्ट हेडिङ्स (एमईएसएच).* लिइएको स्रोत https://www.nlm.nih.gov/mesh/

खण्ड ९: शोधपत्रिकाको वर्गीकरण

९.१ शोधपत्रिका वर्गीकरणको पद्धति र मापदण्ड विश्वविद्यालय अनुदान आयोगले आवश्यक ठानेमा आयोग स्वयम्ले पुनरवलोकन वा संशोधन गर्न सक्ने छ ।

९.२ प्रचलित अन्तर्राष्ट्रिय श्रेणीकरण र यस निर्देशिकामा उल्लेख भएबमोजिमको स्तर पूरा गरेका आधारमा शोधपत्रिकाको श्रेणीकरण गर्नुपर्दछ ।

९.३ नेपालमा प्रकाशित हुने शोधपत्रिकाको वर्गीकरण गर्दा देहायबमोजिम उपाय र सूचकको अवलम्बन गर्नुपर्दछ :

क्र.सं.	श्रेणी	विशेषता	सूचक	कैफियत
१	**श्रेणी क**	उद्धरणका आधारमा अन्तर्राष्ट्रिय रूपमा श्रेणीकृत हुने	तलका मध्ये जुनसुकै श्रेणीकरणका शोधपत्रिका क. क्लारिभेट एनालिटिक्सको शोधपत्रिका इम्प्याक्ट फ्याक्टर ख. स्किमागो ल्याबको स्किमागो शोधपत्रिका र्‍याङ्किङ ग. एल्सिभियर बी.भी. को साइटस्कोर घ. इन्डेक्स कोपर्निकस इन्टरनेसनलको इन्डेक्स कोपर्निकस भ्यालु	
२	**श्रेणी ख**	शोधपत्रिकाको विशेषताका आधारमा अन्तर्राष्ट्रिय रूपमा श्रेणीकृत हुने	शोधपत्रिका पब्लिसिङ प्राक्टिसिज एन्ड स्ट्यान्डर्ड्स रेटिङ	
३	**श्रेणी ग**	पूर्ण रूपमा विश्वविद्यालय अनुदान आयोगले तोकेको मापदण्डअनुरूप		मूल्याङ्कन गर्ने अधिकार विश्वविद्यालय अनुदान आयोगमा निहित रहने
४	**श्रेणी घ**	आंशिक रूपमा विश्वविद्यालय अनुदान आयोगले तोकेको मापदण्डअनुरूप	विज्ञ समीक्षा प्रक्रिया नअपनाइने वा असन्तोषजनक ढङ्गले अपनाइने	मूल्याङ्कन गर्ने अधिकार विश्वविद्यालय अनुदान आयोगमा निहित रहने

समीक्षकका लागि निर्देशिका (नमुना मात्र)

(शोधपत्रिकाका लागि नोटः नमुना निर्देशकालाई शोधपत्रिकाले आफ्नो भिन्दै 'समीक्षकका लागि निर्देशिका' को ढाँचा

तयार गर्दा मुख्य तत्त्वहरू र तिनीहरूको नमुनाका सम्बन्धमा परिचयमूलक र साधारण ध्यानाकर्षणका रूपमा लिन सकिन्छ । शोधपत्रिकाले आफ्नो लक्ष्य र दायरा तथा त्यसले स्वीकार गर्ने पाण्डुलिपिको प्रकारका आधारमा 'समीक्षकका लागि निर्देशिका' बनाउने अपेक्षा गरिन्छ ।

१. समीक्षकका लागि आमन्त्रण पत्र

श्री.....

(शोधपत्रिकाको नाम) को प्रधान सम्पादक/सम्पादकको हैसियतले म तपाईंलाई यो पत्र लेख्दै छु । (शोधपत्रिकाको नाम) विज्ञ समीक्षित शोधपत्रिका हो जसले (दायरा र केन्द्रबिन्दु) क्षेत्रका उच्चस्तरीय अनुसन्धानमूलक लेखहरू प्रकाशन गर्ने गर्दछ । (प्रकाशकको नाम) द्वारा यो शोधपत्रिका (वार्षिक/द्वैवार्षिक/वा अन्य भए प्रकाशन आवृत्ति खुलाउने) रूपमा यो शोधपत्रिका प्रकाशन गर्दछ ।

हामीले (विज्ञहरूको डाटाबेस/सुझाव/अन्वेषणका क्रममा यहाँ सम्बन्धित क्षेत्रको विशेषज्ञ हुनुभएको र यस शोधपत्रिकामा प्राप्त हुने पाण्डुलिपिको समीक्षा गर्न सक्ने क्षमतावान् समीक्षक हुनुभएको थाहा पाएका हौं र सो जानकारी गराउन पाउँदा हामीलाई खुसी लागेको छ । पाण्डुलिपिको शीर्षक र लेखसारहरू यसै साथ समावेश गरी पठाइएको छ । पाण्डुलिपिको समीक्षाका लागि यहाँ सहमत हुनुभएमा पूर्ण पाण्डुलिपि पठाउने जानकारी गराउँदछौं ।

उक्त सामग्री अध्ययन गरी पाण्डुलिपिसँग सम्बन्धित अध्ययन क्षेत्र यहाँको विशेषज्ञताको क्षेत्र भए/नभएको र पूर्ण पाण्डुलिपिको समीक्षा गर्न यहाँ इच्छुक हुनुभएको या नभएको विषयमा जानकारी गराइदिनुहुने छ भन्ने विश्वास लिएका छौं । हामीले यस प्रयोजनका लागि लेखक र समीक्षक दुवैले एक-अर्कालाई नचिन्ने डबल ब्लाइन्ड विज्ञ समीक्षा प्रक्रिया अपनाउने गरेको कुरा पनि जानकारी गराउन चाहन्छौं । यसका अतिरिक्त हामीले समीक्षकका लागि आचारसंहिता पनि निर्माण गरेका छौं जुन यहाँले (यूआरएल लिङ्क) मा गएर प्राप्त गर्न सक्नुहुने छ ।

यदि यहाँले पाण्डुलिपिको समीक्षा गर्न चाहेका खण्डमा पाण्डुलिपि प्राप्त गरेको मितिले (तीन/चार) हप्ताभित्रमा समीक्षा गरिसक्नुपर्ने छ । (हामीले प्रति पाण्डुलिपि समीक्षकलाई (..... रुपियाँ) साधारण पारिश्रमिक उपलब्ध गराउने गरेका छौं)/(हाल हामीले समीक्षकलाई कुनै पनि पारिश्रमिक उपलब्ध नगराउने गरेको जानकारी गराउँदछौं ।) यद्यपि हामीले (शोधपत्रिकाको नाम) का लागि पाण्डुलिपि समीक्षा गरेबापत प्रशंसा-पत्र भने उपलब्ध गराउँदछौं ।

कुनै कारणवश यहाँ स्वयम् पाण्डुलिपिको समीक्षा गर्न असमर्थ हुनुभएमा यसको समीक्षाका लागि केही योग्य व्यक्ति सिफारिस गरिदिनुहुन पनि अनरोध गर्दछौं ।

यहाँबाट यथाशीघ्र प्रतिक्रिया पाउने अपेक्षा गरिएको छ ।

धन्यवाद !

हार्दिक शुभकामनासहित

(दस्तखत)
(सम्पादकको नाम)
(शोधपत्रिकाको नाम)
(इमेल ठेगाना)
(वेबसाइट)
(पत्राचार गर्ने ठेगाना)

२. समीक्षा गर्न सहमत समीक्षकलाई पत्र

श्री.....

(शोधपत्रिकाको नाम) का लागि पाण्डुलिपिको समीक्षा गर्न हामीले गरेको प्रस्ताव स्वीकार गर्नुभएकोमा यहाँप्रति हार्दिक आभार व्यक्त गर्दछौं । कृपया यसैसाथ संलग्न पाण्डुलिपि (पाण्डुलिपि नम्बर) प्राप्त गर्नुहोस् । साथै समीक्षकका आचारसंहिता र यूआरएल लिङ्क, 'समीक्षकका लागि निर्देशिका' र प्रतिवेदन लेखन फाराम पनि यसैसाथ संलग्न गरी पठाइएको छ ।

पूर्ववत् जानकारीअनुसार (शोधपत्रिकाको नाम) ले डबल ब्लाइन्ड अर्थात् लेखक र समीक्षक दुवैले एक-अर्कालाई नचिन्ने समीक्षा शैली अपनाउने गर्दछ । अतः कुनै पाण्डुलिपिमा उल्लिखित केही कुराले वा कुनै कारणले लेखकको पहिचान खुल्न गएका खण्डमा समीक्षा कार्य रोकी हामीलाई जानकारी गराउनुहोला । यदि उल्लिखित सामग्रीमा कुनै प्रकारको स्वार्थ सङ्घर्ष हुने लागेमा पनि जानकारी गराउनुहुन अनुरोध छ ।

पाण्डुलिपिसँग सम्बन्धित अध्ययन क्षेत्र र शोधपत्रिकाको 'समीक्षकका लागि निर्देशिका'मा यहाँ सन्तुष्ट रहनुभएका खण्डमा समीक्षा गर्न सुरु गर्नुहोला । समीक्षा प्रतिवेदन (तीन/चार) हप्ताभित्र पूरा गरी बुझाउनुहुने छ भन्ने हाम्रो अपेक्षा छ ।

सहयोगका लागि यहाँलाई धेरै धन्यवाद !

हार्दिक शुभकामनासहित

(दस्तखत)

(सम्पादकको नाम)

(शोधपत्रिकाको नाम)

(इमेल ठेगाना)

(वेबसाइट)

(पत्राचार गर्ने ठेगाना)

३. समीक्षकका लागि निर्देशिका

३.१ खण्ड कः साधारण निर्देशिका

सुझाइएका खण्डहरू

१. शोधपत्रिकाको दायरा र केन्द्रबिन्दु

(शोधपत्रिकाको नाम) को लक्ष्य भनेको (विधा/विषयको नाम) का क्षेत्रमा उच्चस्तरीय अनुसन्धान विस्तार गर्नु हो । (शोधपत्रिकाको नाम) नेपाल लगायत विश्वका कुनै पनि स्थानबाट अनुसन्धानकर्तामार्फत लेखका लागि आमन्त्रण गर्दछ । (उपयुक्त व्याख्या र थप जानकारी उल्लेख गर्नुहोला ।)

२. लेखको स्तरबारे कथन

क. उच्च महत्त्वाकाङ्क्षी शोधपत्रिकाका लागि

प्राज्ञिक लेखहरूको उद्धरण सामग्री (नीतिगत कागजातहरू) र सम्बन्धित सरोकारवालाहरूको मञ्चमा छलफल भएका आधारमा तिनको मूल्याङ्कन गरिएजस्तै (शोधपत्रिकाको नाम) ले उत्कृष्ट ढङ्गले अध्ययन गरिएका सम्बन्धित अध्ययन क्षेत्रमा उच्च प्रभाव पार्न सक्ने सम्भावना बोकेको खोजसहितका अत्याधिक उच्च स्तरका अनुसन्धानमूलक लेख स्वीकृत गर्दछ । (शोधपत्रिकाको नाम) ले पूर्ण हिसाबले नगरिएका अनुसन्धान वा निकै साधारण योगदानलाई स्वीकृत गर्ने छैन ।

ख. साधारण महत्त्वाकाङ्क्षी शोधपत्रिकाका लागि

प्राज्ञिक लेखहरूको उद्धरण सामग्री (नीतिगत कागजातहरू) र सम्बन्धित सरोकारवालाहरूको मञ्चमा छलफल भएका आधारमा तिनको मूल्याङ्कन गरिएजस्तै (शोधपत्रिकाको नाम) ले उपयुक्त ढङ्गले अध्ययन गरिएका सम्बन्धित अध्ययन क्षेत्रमा प्रभाव पार्न सक्ने सम्भावना बोकेको खोजसहितका उच्च स्तरका अनुसन्धानमूलक लेख स्वीकृत गर्दछ । हामी उत्कृष्ट ढङ्गले अध्ययन गरिएका खण्डमा साधारण योगदानलाई पनि स्वीकृत गर्दछौं ।

३. लेखको प्रकार, लेखनशैली र ढाँचा

(शोधपत्रिकाको नाम) ले निम्न प्रकारका लेखहरू स्वीकार गर्दछ । (प्रकारका सूचीहरू) । हामी लेखनशैली र ढाँचाका लागि (शैली खुलाउने) शैली अवलम्बन गर्दछौं । (वैकल्पिक) (शोधपत्रिकाको नाम) ले (यूआरएल लिङ्क) मा उपलब्ध 'लेखकका लागि जानकारी'मा उल्लेख भएबमोजिम आफ्नै लेखनशैली र ढाँचा निर्धारण गरेको छ ।

४. समीक्षकका आचारसंहिता

पाण्डुलिपिको निष्पक्ष र नैतिक समीक्षाको सुनिश्चितताका लागि (शोधपत्रिकाको नाम) का आफ्नै 'समीक्षकका आचारसंहिता' छन् । कृपया, यसैसाथ संलग्न समीक्षकका आचारसंहिता प्राप्त गर्नुहोस् । समीक्षकका आचारसंहिता (यूआरएल लिङ्क) मा पनि उपलब्ध छ ।

५. **समीक्षकका लागि चेकलिस्ट (जाँच सूची)**

कृपया पाण्डुलिपिको अक्षरशः अध्ययन गर्नुहोस् र समीक्षा लेखनका लागि तयारी स्वरूप निम्न प्रश्नको उत्तर/मार्गदर्शन खोज्नुहोस् । (खण्ड २)

(फोरम्यान (२०१५) द्वारा आंशिक रूपमा अवलम्बन गरिएको)

साधारण

- अनुसन्धान मौलिक, नवीन एवम् सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण छ ?
- प्रस्तुति स्पष्ट र सङ्क्षिप्त छ ?
- उपयुक्त संरचना र भाषाको प्रयोग गरिएको छ ?

शीर्षक

- सङ्क्षिप्त र जानकारीमूलक छ ?
- अझ उपयुक्त तरिकाले पुनर्लेखन गर्न सकिन्छ ?

लेखसार

- के यो साँच्चै नै सारांश हो ?
- यसमा मुख्य खोज समावेश छन् ?
- के यसको लम्बाइ उपयुक्त छ ?

मुख्य पद-पदावली

- शीर्षकमा भएका शब्दभन्दा अतिरिक्त शब्द छन् ?
- उपयुक्त र पर्याप्त छन् ?

परिचय

- के यसले पृष्ठभूमि, लक्ष्य, समस्या र/वा अनुसन्धान प्रश्नबारे समग्र जानकारी दिन्छ ?
- के यसमा प्रमाणमा आधारित ठोस प्रस्तुति छ ? के यो सिद्धान्त र अनुसन्धानमा आधारित छ ? के यसअघिको अध्ययनका महत्त्वपूर्ण खोजहरू लुप्त भएका छन् वा गलत तरिकाले अर्थ्याइएको छ ?
- के यो स्पष्ट, उपयुक्त ढङ्गले सङ्गठित र उत्सुकता जगाउन प्रभावकारी छ ?
- सङ्गठनमा फेरबदल गर्न वा उद्धृत गरिएका कुरा थपघट गर्न सुझाव दिनुहोस् ।

अनुसन्धानको कार्यप्रणाली

जुनसुकै वैज्ञानिक अध्ययन पनि इच्छुक र सक्षम व्यक्तिले पुनः पूर्ण रूपमा गर्न सक्ने हुनुपर्दछ । त्यस कारण यसका सबै सामग्री र विधि खुलाई वैज्ञानिक समुदायमा पहुँचयोग्य बनाउनुपर्दछ ताकि उक्त अध्ययन पुनः गर्न र परीक्षण गर्न सकियोस् ।

- के प्रयोग गरिएका विधिहरू (तथ्याङ्कसमेत) अनुसन्धान-परिकल्पना परीक्षणका लागि उपयुक्त छन् ?
- के सबै विधिहरूलाई आवश्यक विवरणसहित व्याख्या गरिएको छ ?
- के गुणात्मक अनुसन्धानका लागि अनुसन्धानकर्ताको पूर्वाग्रह र संज्ञानात्मक त्रुटि हुन नदिन वा न्यूनीकरणका लागि ध्यान दिइएको छ ? पूर्वाग्रहको सम्भावना र अध्ययनमा हुने त्रुटिको सम्भावनाबारे यहाँको के धारणा छ ?

नतिजा र छलफल

- के नतिजाहरू विश्लेषित, सान्दर्भिक र सम्भावनायोग्य छन् ?
- तथ्याङ्क प्रस्तुति शैलीबारे सुधारका लागि सुझाव दिनुहोस् ।
- साधारण तर्क तथा व्याख्या र निष्कर्षको औचित्यबारे टिप्पणी गर्नुहोस् ।

- चित्र, तालिका र योजनाको सङ्ख्याबारे टिप्पणी गर्नुहोस् ।
- सुधार्नुपर्ने कुराबारे सङ्क्षेपमा सुझाव दिनुहोस् ।
- शैली, व्याकरण र अन्य साधारण त्रुटि सच्याउनेबारे दिइएका सुझावहरूको बेग्लै सूची बनाउनुहोस् ।
- थप परीक्षण र विश्लेषण सुझाउनुहोस् ।
- फेरबदल र अद्यावधिक गर्नुपर्ने कुराबारे खुलस्त पार्नुहोस् ।
- के उक्त पाण्डुलिपि प्रकाशन गर्नैपर्छ भनेर आफैलाई प्रश्न गर्नुहोस् ।

निष्कर्ष

- निष्कर्षको महत्त्व, वैधता र व्यापकताबारे टिप्पणी गर्नुहोस् ।
- औचित्यहीन दाबी र सामान्यीकरणलाई घटाउन अनुरोध गर्नुहोस् ।
- सङ्क्षेपीकरण घटाउन अनुरोध गर्नुहोस् । (निष्कर्षले नभई लेखसारले अध्ययनको सङ्क्षेपीकरण गर्दछ ।)

सन्दर्भ सामग्री, तालिका र चित्र

शुद्धता, सङ्ख्या र उद्धृत गरिएको सामग्रीको उपयुक्तता परीक्षण गर्नुहोस् ।
कुनै पादटीका (फुटनोट) मा टिप्पणी गर्नुहोस् ।
चित्र र तिनको स्तर अध्ययनयोग्य भए/नभएकोबारे टिप्पणी गर्नुहोस् ।
लिजेन्ड्स, हेडर्स र एक्सिस लेभलको पूर्णताको मूल्याङ्कन गर्नुहोस् ।
प्रस्तुतीकरणमा एकरूपता भए/नभएको जाँच गर्नुहोस् ।

खण्ड ३.२ – (शोधपत्रिकाको नाम) का लागि पाण्डुलिपि समीक्षा प्रतिवेदन

सुझाइएको डिजाइन

१. पाण्डुलिपि नम्बरः.....
(समीक्षकको नाम)/(समीक्षा नम्बर):.....

२. के पाण्डुलिपिको अध्ययन क्षेत्र समीक्षकको विशेषज्ञताको क्षेत्रसँग मिल्दछ ?
(मिल्छ) (मिल्दैन)

३. के पाण्डुलिपिको अध्ययनको क्षेत्र (शोधपत्रिकाको नाम) को दायरा र केन्द्रबिन्दुभित्र पर्दछ ?
(पर्छ) (पर्दैन)

४. पाण्डुलिपिको रूपरेखा

प्रस्तुत अनुसन्धानका बारेमा मोटामोटी जानकारीसहित रूपरेखा तयार गरी पाण्डुलिपिको सारांश लेख्नुहोस् ।

५. मुख्य समालोचना

६. साधारण समालोचना

५. सम्पादकलाई सुझाव

क. सुझावको प्रकार - कृपया यहाँको सुझावको प्रकार छनोट गर्नुहोस् ।

- ○ अध्ययन सामग्रीमा कुनै परिवर्तनबिना पाण्डुलिपि स्वीकृत गर्ने
- ○ अध्ययन सामग्रीमा साधारण संशोधनसहित पाण्डुलिपि स्वीकृत गर्ने
- ○ अध्ययन सामग्रीमा मुख्य संशोधनसहित पाण्डुलिपि स्वीकृत गर्ने
- ○ पुनः बुझाउन सक्ने विकल्पसहित पाण्डुलिपि अस्वीकृत गर्ने
- ○ पाण्डुलिपि अस्वीकृत गर्ने

ख. पूर्ण सुझाव

कृपया यहाँको सुझावलाई व्याख्या गर्नुहोस् ।

दस्तखत

नाम/समीक्षा नम्बरः

अध्ययनका लागि सुझाइएका सामग्रीहरू

(शोधपत्रिकाका लागि नोटः निम्न अध्ययन सामग्रीमा शोधपत्रिकाको 'समीक्षकका लागि निर्देशिका' तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू रहेका छन् ।

१. **हेम्स, आई. (सम्पा.). (२००७).** ***पियर रिभ्यु एन्ड म्यानुस्क्रिप्ट म्यानेजमेन्ट इन साइन्टिफिक शोधपत्रिकास.*** **माल्डेन यूएसः ब्ल्याकवेल पब्लिसिङ.**

२. डर्निङ, एस.जे. एन्ड कारलाइन, जे.डी. (सम्पा.). (२०१५). *रिभ्यु क्राइटेरिया फर रिसर्च म्यानुस्क्रिप्ट्स (दोस्रो संशोधन).* वासिङ्टन, डीसीः एसोसिएसन अफ अमेरिकन मेडिकल कलेज्स.

३. स्टार्क, जे.एम. (२०१८). *साइन्टिफिक पियर रिभ्यु गाइडलाइन्स फर इन्फर्मेटिभ पियर रिभ्यु.* विसबाडेन, जर्मनीः स्प्रिङ्गर स्पेक्ट्रम.

४. क्रिस्टनबेरी. टी.एल. (२०११). *म्यानुस्क्रिप्ट पियर रिभ्युः अ गाइड फर एड्भान्स्ड प्राक्टिस नर्सिज.* शोधपत्रिका अफ द अमेरिकन एकेडेमी अफ नर्स प्राक्टिस्नर्स, २३, १५-२२.

५. फोरम्यान, एच. (२०१५, अगस्ट २८). *हाउ टु रिभ्यु म्यानुस्क्रिप्ट्स - योर अल्टिमेट चेकलिस्ट.* लिइएको स्रोत https://www.elsevier.com/connect/how-to-review-manuscripts-your-ultimate-checklist

थप जानकारीका लागि

निम्न कागजातहरू विश्वविद्यालय अनुदान आयोगसँग अनुरोध गरी प्राप्त गर्न सकिन्छः

१. विज्ञ समीक्षित शोधपत्रिकाका लागि विश्वविद्यालय अनुदान आयोगबाट सहायता प्राप्त गर्नका लागि आवेदन फाराम (विश्वविद्यालय अनुदान आयोगले आवेदन माग गरेको समयका लागि)

२. विज्ञ समीक्षित शोधपत्रिकाको मूल्याङ्कन (विश्वविद्यालय अनुदान आयोगमा प्राप्त आवेदनको मूल्याङ्कनका लागि)

३. विश्वविद्यालय अनुदान आयोगको अनुसन्धान निर्देशिका - चौथो संशोधन, २०१७ (विश्वविद्यालय अनुदान आयोगका सबै अनुसन्धान सहायता कार्यक्रम र कार्यविधिबारे जानकारी)

सम्पर्क

विश्वविद्यालय अनुदान आयोग
अनुसन्धान महाशाखा
सानोठिमी, भक्तपुर, नेपाल
फोनः ९७७-५५३८५४८, ६६३८५४९, ६६३८५५०, ६६३८५५१
एक्सटेन्सनः १२४, १३२, १३१, १२२
इमेलः research@ugcnepal.edu.np
वेबसाइटः www.ugcnepal.edu.np